TVV (IVR) सँग पालोको समय चढाइसकेपछि, रोजगारदाताले उही TVV (IVR) लाईनमा फोन गरेर र केही चरणहरू पूरा गरेर काम गरेको समय अनुमोदन गर्न सक्छन् । रोजगारदाताका रूपमा, यो तपाईंको विकल्प के हो भने हरेक दिन फोन गर्नुहोस् र पालोहरूको समीक्षा गर्नुहोस् वा तपाईं कम फोन गर्न सक्नुहुन्छ र एउटै फोनमा धेरै पालोहरू समीक्षा गर्नुहोस् – दुईमध्ये एक गर्न सक्नुहुन्छ । तपाईंको FMS (एफएमएस) प्रदायकबाट निर्देशनहरू पालना किन गर्नुहोस् भने तपाईंले पालोहरू समयमै अनुमोदन गर्न आवश्यक पर्छ, त्यसो गर्नाले तपाईंका कर्मचारीहरूलाई समयमै भुक्तानी गर्न सकिन्छ ।

1. FMS (एफएमएस) प्रदायकमा दर्ता गरिएको फोन नम्बरबाट टोल-फ्री नम्बर (निःशुल्क फोन) मा फोन गर्नुहोस् ।
2. रोजगारदाता पालो समीक्षा तथा अनुमोदन थाल्नका लागि "३" (तीन) थिच्नुहोस् ।
3. तपाईंको रोजगारदाताको ID (आइडी) का छ-अंक राख्नुहोस् । तपाईंले छ-अंक लेखेकै हुनुपर्छ । प्रणालीले उक्त ID (आइडी) तपाईंलाई पढेर सुनाउनेछ, तपाईंले "१" (एक) थिचेर उक्त ID (आइडी) पक्का गर्नुहुनेछ ।
4. तपाईंको PIN (पिन) का छ-अंक राख्नुहोस् । तपाईंले छ-अंक लेखेकै हुनुपर्छ । उक्त PIN (पिन) भनेको तपाईंले FMS (एफएमएस) प्रदायकमा खाता खोल्दा बनाएको पासवर्ड जस्तै हो, जुन तपाईंका कर्मचारीहरूलाई दिनु हुँदैन । प्रणालीले उक्त PIN (पिन) तपाईंलाई पढेर सुनाउनेछ, तपाईंले "१" (एक) थिचेर उक्त PIN (पिन) पक्का गर्नुहुनेछ ।
5. प्रणालीले सेवाग्राहीको ID (आइडी), कर्मचारी ID (आइडी), पालोको मिति तथा सुरु भएको समय, पालोको मिति र सकिएको समय, पालो कति लामो थियो, र सेवा code (कोड) सहित तपाईंलाई पालोबारे जानकारी पढ्नेछ ।
6. तपाईंलाई अनुमोदन गर्न "१" (एक), पालोको जानकारी फेरि भन्न "२" (दुई), वा अनुमोदन छाड्न "३" (तीन) थिच्न सम्झाइनेछ । (टिपोट: यदि तपाईंले यी नम्बरहरूमध्ये एउटा थिच्नुभएन भने पालोको जानकारी स्वतः फेरि भनिनेछ ।)
7. यदि कुनै अरू पालोहरू अनुमोदन गर्न खाँचो छ भने ती पालोहरू ठूलो स्वरमा पढिनेछन्,
   र तपाईंसँग अनुमोदन गर्ने, फेरि भन्ने, वा छाड्ने उस्तै विकल्पहरू हुनेछन् ।
8. सबै पालोहरूको समीक्षा गरिसकेपछि प्रणालीले "पालो अनुमोदनका लागि धन्यवाद । लौ है बिदा" भन्नेछ ।

पालोहरू समीक्षा र अनुमोदन गर्न फोन गर्दा तपाईंलाई चाहिने जानकारी लेख्नका लागि यहाँ एउटा ठाउँ छ । जुन सदस्य / सेवाग्राहीका लागि तपाईं रोजगारदाता हुनुहुन्छ वा FMS (एफएमएस) ले जुन सदस्य / सेवाग्राहीलाई मद्दत गर्छ, ति जानकारी दिनेछ, जसको तपाईंलाई खाँचो छ ।

| **तपाईंलाई चाहिने जानकारी** | **मेरो जानकारी** |
|---|---|
| TVV (टीभीभी) फोन नम्बर | |
| मेरो रोजगारदाताको ID (आइडी) | |
| मेरो PIN (पिन) | |
| सदस्य / सेवाग्राहीको ID (आइडी) | |
| कर्मचारीको ID (आइडी) | |

यदि तपाईंसँग अझै प्रश्नहरू छन् भने कृपया मद्दतका लागि FMS प्रदायकलाई सिधै सम्पर्क गर्नुहोस् ।



संस्करण R_1.0 ©Annkissam, 2022